शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक




वर्ष ८ | अङ्क : १६५ | २०७९ असोज ३ गते सोमबार | 19 Sep 2022, Monday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५/-

## प्राविधिक पढ्ने विद्यार्थीको कमी, छात्रवृत्तिको रकम नै खर्च हुन सकेन



रोल्पा, २ असोज।

"रोल्पानगर, एक घर एक रोजगार नारा दिएर रोल्पा नगरपालिकाले सुरु गरेको प्राविधिक छात्रवृत्तिमा विद्यार्थीको आकर्षण देखिएको छैन।

रोल्पा जिल्लामै पहिलोपटक प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउन थालेको नगरपालिकाले कोटा अनुसार विद्यार्थी नपाउँदा हरेक वर्ष लक्षित कोटाको झण्डै आधा रकम फिर्ता हुने गरेको छ।

निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्न चाहने, नगरभित्र बसोबास गर्दै आएका र प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीलाई नगरपालिकाले सो छात्रवृत्ति दिने गर्दछ। हरेक वर्ष १०० जना विद्यार्थीलाई उक्त छात्रवृत्ति दिने भनिए पनि विद्यार्थीको आकर्षण नहुँदा तोकिएअनुसारको कोटा पूरा भएको छैन। वितेका ६ वर्षमा उसले ६०० विद्यार्थीलाई उक्त प्राविधिक छात्रवृत्ति वितरण गर्ने लक्ष्य राखे पनि यस अवधिमा जम्मा ३२६ जनाले मात्रै छात्रवृत्तिमा अध्ययन गरेको नगरपालिकाको तथ्यांकमा उल्लेख छ।

प्राविधि जनशक्ति उत्पादन गर्ने भन्दै नगरपालिकाले स्थानीय सरकार गठन भएको सुरुको वर्षदेखि नै छात्रवृत्तिको व्यवस्था गरेको हो। २०७४ सालमा ५५ जनाले छात्रवृत्ति पाएकोका थिए। त्यसपछिका दुई वर्ष ५१/५१ जनालेमात्रै छात्रवृत्ति पाएका थिए। सुरुका दुई वर्ष सिभिल इन्जिनियरिङ विषयमा छात्रवृत्ति दिएको नगरपालिकाले तेस्रो वर्षदेखि अन्य विषयमा समेत छात्रवृत्ति विस्तार गरेको थियो।

२०७७ सालमा डिप्लोमा इन सिभिल इन्जिनियरिङमा २२ जना, पशुविज्ञानमा

▶▶ बाँकी पृष्ठ २ मा...

## विद्यालयको पीडा : कक्षाकोठा जलमग्न

चन्द्रौटा, २ असोज।

विद्यालयमा चारवटा कक्षा कोठा छन्। सबै कोठाको पानी पर्दा बाल्टी थाप्नुपर्ने बाध्यता छ। जीर्ण भवन, प्वाल परेको जस्तापाताले गर्दा विद्यार्थीलाई मात्र होइन शिक्षक शिक्षिकालाई पनि समस्या छ।

कक्षाकोठामै पानी चुहिन थालेपछि विद्यार्थीहरू पानी छल्न ओभानोतर्फ बस्ने गर्छन्। पानीका छिटा विद्यार्थीहरूका पुस्तकमा पर्दा कापीकिताब नै भिज्ने गर्छन्। यो समस्या कपिलवस्तुको शिवराज नगरपालिका-५ मा रहेको ज्ञान ज्योति आधारभूत विद्यालयको हो।

सानो पानी पर्दा पनि कक्षाकोठामा बाल्टी भरिन्छ। ठूलो पानी पर्दा कक्षाकोठा नै जलमग्न हुने भएकाले विद्यालय बन्द गरिन्छ। केही दिनदेखि परेको अविरल वर्षाले विद्यालयको दैनिक पठनपाठनमा समस्या हुँदै आएको छ। वर्षाका वेला पठनपाठनमा निकै समस्या छ। भौतिक पूर्वाधारको अभावले विद्यार्थीहरूको चाप पनि घट्दै गएको छ। २०६५ सालमा स्थापना भएको विद्यालय सुधारमा कसैको ध्यान जान सकेको छैन। स्थापनादेखि यहाँ कुनै पनि संरचना बनेका छैनन्। गत वर्ष मेयर कोषबाट रु. ५ लाखको पर्खाल लगाइएको छ। गाउँबाट आएको पानीको बहाव विद्यालयको कक्षाकोठामा पस्न थालेपछि पर्खाल लगाइएको हो।

यो विद्यालय नजिकै रहेका सामुदायिक विद्यालयमा वर्षेनि करोडौंका भवन बनिरहेका छन्। यो विद्यालयलाई बेवास्ता गरेको अभिभावकहरूको भनाइ छ यहाँ कामचलाउको भरमा पठनपाठन भइरहेको छ। 'पानी पर्दा बाल्टी तथा भाँडाकुँडा राखेर पठाउने गरेका छौं', शिक्षिका कुण्डला गिरिले भनिन्, 'वर्षातका वेला त निकै समस्या छ, विद्यार्थीहरूका कापीकिताब समेत भिज्ने गर्छन्।'

पटकपटक भवन बनाउन माग गरे पनि सम्बोधन हुन नसकेको प्रधानाध्यापक सीता अधिकारीको भनाइ छ। 'यो वर्ष पनि दुईकोठे भवन माग गरेकी हुँ, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा पनि माग गरेकी हुँ', अधिकारीले भनिन्, 'माग गरेर मात्र नहुँदो रहेछ, अहिलेसम्म कुनै पनि निकायले विद्यालयको समस्या बुझ्न सकेन।'

विद्यालयको समस्याबारे आफू जानकार रहेको शिवराज नगरपालिकाका मेयर अजय थापाले बताए। विद्यालयका अनुगमन समेत गरेकाले उक्त विद्यालयको भौतिक संरचना निर्माणका लागि विशेष ध्यान दिने जनाए। कक्षा तीनसम्म पढाइ हुने यो विद्यालयमा १०३ विद्यार्थी रहेका छन्। (थाहाखबर)

## न्यायाधिश नियुक्तिबाटै न्याय क्षेत्रको सुधार आवश्यक : जिल्ला न्यायाधिश



गौतमबुद्ध सन्देश

भैरहवा, २ असोज।

रुपन्देही जिल्ला अदालत बार एशोसिएशनको अध्यक्षमा अधिवक्ता शिवहरि अधिकारी निर्वाचित भएका छन्। शनिवार सम्पन्न एशोसिएशनको ५५ औं वार्षिक साधारणसभा तथा अधिवेशनले प्रगतीशिल तथा पेशागत कानून व्यवसायीहरुका उम्मेदवार अधिकारी सर्वसम्मत चयन भएका हुन्। बार एशोसिएशनमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र पाँच सदस्य प्रगतिशील तथा पेशागत कानुन व्यवसायीका तर्फबाट र उपाध्यक्ष, सह-सचिव र तीन सदस्य प्रजातान्त्रिक कानून व्यवसायीका तर्फबाट प्रतिनिधित्व हुने गरी सर्वसम्मत नेतृत्व चयन गर्ने सहमति बमोजिम सबै पदहरुमा निर्विरोध भएको थियो।

एशोसिएशनको उपाध्यक्षमा विष्णुप्रसाद भुसाल, सचिवमा चोलाबहादुर कार्की, कोषाध्यक्षमा रीता खनाल र सह-सचिवमा साधना पाण्डे निर्वाचित भएका छन्। त्यसै गरी सदस्यहरुमा जनक न्यौपाने, रामकुमार लोध, युवकराज रेग्मी, मंगला पाण्डे, माधव प्रसाद आचार्य, अवधविहारी दुवे, शैलेन्द्र प्रसाद हरिजन र कृष्ण प्रसाद रेग्मी रहेका छन्।

त्यसअघि अधिवेशन तथा बारद्धारा स्थापित पुस्तकालयको उद्घाटन रुपन्देही जिल्ला अदालतका न्यायाधिश कृष्णराम कोइरालाले गरेका थिए। सो अवसरमा उनले न्याय क्षेत्रलाई मर्यादित बनाउन वार र बेञ्च दुवैको भूमिका उत्तिकै महत्वपूर्ण हुने बताए।

जिल्ला न्यायाधिश कोइरालाले न्यायाधिश नियुक्ति प्रक्रियाबाट मात्र न्यायालय सुधार हुन सक्नेमा जोड दिए। उनले भने, 'न्यायाधिश नियुक्ति गर्दा नै राम्रो व्यक्ति चयन हुन सक्दैन, न्याय क्षेत्रमा सुधारको अपेक्षा गर्न सकिदैन, सबैले यसमा ध्यान दिऊँ।'

कार्यक्रममा बोल्दै वरिष्ठ अधिवक्ता कमलराज जोशीले मर्यादित न्याय सम्पादनमा अदालत र कानूनी व्यवसायी दुवैको उत्तिकै भूमिका हुने बताए। एशोसिएशनका अध्यक्ष लोकनाथ पन्थको अध्यक्षता तथा सचिव डण्डप्रसाद भट्टराईको सञ्चालनमा भएको उद्घाटन समारोहमा वरिष्ठ अधिवक्ताहरु गिरीराजविक्रम खड्का, गोपाल प्रसाद पाण्डे 'अल्छी', राममणि भुर्तेल, सुभाष धिताल र शिवप्रसाद गौडेल, नेपाल कानून व्यवसायी परिषदका सदस्य बाबुराम पाण्डे, पूर्वअध्यक्ष धर्म बहादुर खड्का, निवर्तमान अध्यक्ष नरसिंह चौधरी, पुस्तकालय व्यवस्थापन समितिका सदस्य तुल्सीराम ढकाल, एशोसिएशनका उपाध्यक्ष शेषमन यादव लगायतले पनि मन्तव्य व्यक्त गर्दै न्याय क्षेत्रमा देखिएका विकृति, विसंगतिको अन्त्य गर्न पेशागत मर्यादामा जोड दिएका थिए।

सोही अवसरमा एशोसिएशनले स्थापना गरेको पुस्तकालयको जिल्ला न्यायाधिश कोइरालाले उद्घाटन गरेका थिए। साधारणसभाले वार्षिक तथा आर्थिक प्रतिवेदन पारित गरेको छ।

एम्बुलेन्स चालक आवश्यकता

यस होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन, रुपन्देहीद्वारा सञ्चालित एम्बुलेन्सका लागि चालकको आवश्यकता परेकाले योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

सम्पर्क नं. : ०७१-५७१५४५

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि रोहिणीका चार विद्यालय छनोट

गौतमबुद्ध सन्देश

भैरहवा, २ असोज।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि रुपन्देहीको रोहिणी गाउँपालिकाका चार वटा विद्यालय छनोटमा परेका छन्। छनोटमा परेका विद्यालयहरुमा भवन निर्माण तथा कम्प्युटर ल्याब स्थापना (आइसिटी) हुनेछन्। छनोटमा परेका विद्यालयहरुमा श्री राम नरेश यादव आदर्श नमूना माध्यमिक विद्यालय रोहिणी-३ धकधई, श्री सरस्वती आधारभूत विद्यालय रोहिणी-७ टिकर, भविष्य उज्जवल आभारभूत विद्यालय रोहिणी-४ पकडिहवा र श्री छिपागढ माध्यमिक विद्यालय रोहिणी-४ छिपागढ रहेका छन्।

श्री रामनरेश यादव आदर्श मा.वि.को सूचना सञ्चार प्रविधि (आईसिटी)का लागि रु. ६ लाख ५० हजार, श्री सरस्वती आधारभूत विद्यालयको चारकोठे भवन निर्माणका लागि रु. ४५ लाख, भविष्य उज्जवल आधारभूत विद्यालयको दुईकोठे भवन निर्माणका लागि रु. २२ लाख ५० हजार र छिपागढ माविको सूचना सञ्चार प्रविधि (आईसिटी)का लागि रु. ६ लाख ५० हजार बजेट परेको छ।

रोहिणी गाउँपालिका अध्यक्ष विद्या प्रसाद यादवले शिक्षा क्षेत्रको विकासलाई तीनै तहका सरकारले प्राथमिकता दिनुपर्ने बताए।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मन्त्रीस्तरीय बैठकले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि विद्यालय छनोट गरेको थियो।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक सुविधा विस्तार लगायतका कार्यक्रममा सहभागी हुने विद्यालयले स्थानीय तहमार्फत शिक्षा तथा मानव स्रोत केन्द्रमा प्रस्ताव पेश गरेका थिए। उक्त कार्यक्रमका लागि देशभरबाट ३ हजार ४७५ विद्यालय छनोट भएका छन्।

## लैंगिक हिंसाको अवस्था, चुनौती र रोकथामसम्बन्धी प्रशिक्षण



गौतमबुद्ध सन्देश

भैरहवा, २ असोज।

आस्था महिला उद्यमी संघ सिद्धार्थनगर-९ उदयपुर, रुपन्देहीको आयोजनामा लैंगिक हिंसाको अवस्था, चुनौती र रोकथामसम्बन्धी एकदिने प्रशिक्षण कार्यक्रम भैरहवामा सम्पन्न भएको छ। सिद्धार्थनगर-९ उदयपुरस्थित उद्योग व्यापार संगठन, रुपन्देहीको सभाहलमा भएको कार्यक्रमको सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख उमा अधिकारीले उद्घाटन गरेकी थिइन्। कार्यक्रममा बोल्दै प्रमुख अतिथि नगर उपप्रमुख अधिकारीले महिला प्रत्येक क्षेत्रमा एकजुट हुनुपर्ने बताइन्। उनले सोचमा परिवर्तन आफैबाट सुरु गर्नुपर्नेमा जोड दिइन्। उनले भनिन्, 'सोच परिवर्तन आफैबाट सुरु गरौं, कामको लागि काम भन्दा परिणाममुखी काम गर्नुपर्छ। 'उनले महिलालाई हेर्ने दृष्टिकोण फरक रहेको बताइन्।

उद्योग व्यापार संगठन, रुपन्देहीका अध्यक्ष अनिल कुमार ज्ञवालीले आस्था महिला उद्यमी संघले आगामी दिनमा पनि रचनात्मक कार्यक्रमहरुलाई अगाडि बढाउँदै जानुपर्ने बताए। आस्था महिला उद्यमी संघ सिद्धार्थनगरकी अध्यक्ष विन्दु न्यौपानेको अध्यक्षता, कार्यक्रम संयोजक उषा बेल्बासेको स्वागत, उपाध्यक्ष माया खनालको धन्यवाद ज्ञापन तथा सचिव लक्ष्मी अधिकारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

प्रशिक्षण कार्यक्रमको उद्योग व्यापार संगठन रुपन्देहीकी सल्लाहकार तथा नमुना एकीकृत विकास परिषद् रुपन्देहीकी कार्यकारी निर्देशक ज्ञानु पौड्यालले सहजीकरण गरेकी थिइन्। कार्यक्रममा ४० जना महिलाको सहभागिता रहेको आस्था महिला उद्यमी संघ सिद्धार्थनगरकी अध्यक्ष विन्दु न्यौपानेले जानकारी दिइन्।

अब भैरहवामा खुलिसक्यो

क्रसरोड दोहोरी साँझ तथा नाचघर

राष्ट्रिय तथा स्थानीय कलाकारहरुको साथमा हरेक दिन साँझ ५ बजेदेखि

स्थान

होटल क्रसरोड

सिद्धार्थनगर-८, नारायणपथ, भैरहवा रुपन्देही



## सम्पादकीय

# संविधान दिवस

कानुन आवश्यकताले बनाउने र समय अनुसार संशोधन, खारेज वा परिमार्जन गर्दै अघि बढ्नुपर्छ । संसारभरी कानुन र संविधानको अभ्यास यहि हो । अहिले आवश्यकता ठानिएका बिषयवस्तु पछि आवश्यक नहुन सक्छ र अहिले आवश्यक नठानिएका बिषय पछि आवश्यक हुन सक्छ । संविधान तथा कानुनहरु अपरिवर्तनीय हुँदैनन् । नेपालमा संविधानको इतिहास हेर्दा पनि त्यस्तै देखिन्छ । जति समय अघि बढ्छ, त्यत्ति नै प्रगतिशील संविधान बन्ने गरेका छन् । वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४७ सालमा बनेको संविधानलाई संसारकै उत्कृष्ठ संविधान भनिन्थ्यो, तर त्यो १५ बर्षभन्दा बढी टिक्न सकेन । २०६२/६३ को जनआन्दोलन र दश बर्षसम्म चलेको जनयुद्धको प्रभावले नेपालको अन्तरिम विधान २०६३ मार्फत लामो समयदेखि सक्रिय राजतन्त्रको अन्त्य गरी गणतन्त्रात्मक शासन ब्यवस्था संवैधानिक रुपमै अवलम्बन गऱ्यो । ०६४ र २०७० सालमा भएको संविधान सभाको निर्वाचनले २०७२ असोज ३ मा नयाँ संविधान जारी गऱ्यो । गणतन्त्र, संघीयता, धर्म निरपेक्ष राज्य, मौलिक अधिकार, समावेशीता संविधानका बिशेषता हुन् ।

संविधान जारी भएको दिन देशका लागि आज निकै महत्वपूर्ण दिन हो । सात बर्ष अघि विभिन्न आरोह अवरोहकाबीच यो संविधान जारी भएको थियो । एकातिर संविधान जारी भएर हर्षोल्लास मनाइदै गर्दा कतिपयले विरोध पनि जनाएका थिए । संविधानले जनतालाई सर्वोपरी मानेको छ । संविधान दिवस मनाउँदै गर्दा देशमा गणतन्त्र, संघीयता र परिवर्तन ल्याउन ज्यान गुमाएका शहिदहरुको भूमिकालाई बिर्सनु हुँदैन । ज्यानको बाजी लगाएर संघर्षको मैदानमा उत्रिएका वीर सपूतको योगदानबाटै हामीले लोकतान्त्रिक प्रकृया अवलम्बन गर्न पाएका छौं । अहिलेको शासन ब्यवस्थाका लागि सात दशक अघिदेखि बलीदान दिएका ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मान प्रकट गर्नैपर्छ । जनताका प्रतिनिधिले अथक प्रयासबाट बनाएको यस संविधानप्रति अझै पनि कतिपय जनताको असन्तुष्टि कायमै छ । संविधानले आधारभूत मौलिक अधिकारको ग्यारेन्टी गरेको भएपनि ब्यवहारमा लागु हुन सकेको छैन । गास, बास, कपासको ग्यारेन्टी, शिक्षा, स्वास्थ्यको ग्यारेन्टी, मानव अधिकारको रक्षा जस्ता आधारभूत कुरामा राज्य संवेदनशील हुन सकेको पाइदैन । संविधान जारी भएको सात बर्ष पुरा हुँदै गर्दा दलहरुबाट पटक पटक संविधान मिच्ने प्रयास भएको देखिन्छ । संविधानको अक्षरतः पालना गर्दै यसको भावना अनुरुप अघि बढ्न राजनीतिक दल तथा नागरिक समाजमाथि खबरदारी आवश्यक छ । संविधानले समेट्न नसकेका कतिपय बिषयवस्तु समयसँगै समेटिने गरी थपघट गर्न सकिन्छ । त्यसका लागि संविधानको रक्षा गर्दै अहिलेको ब्यवस्था ल्याउन बलीदानी गर्ने शहिदहरुले देखाएको बाटोमा हिड्ने प्रयास गरौं, समस्त नेपालीजनमा हार्दिक शुभकामना ।

# झनै संक्रामक बन्दै डेंगु महामारी


डा. प्रकाश बुढाथोकी



डेंगु संक्रमण सन २००४ मा पहिलोपटक नेपालमा पुष्टि तथा सन २०१९ मा ६८ जिल्लामा फैलिई १७ हजार ९ सय ९२ जना संक्रमित र ६ जनाको ज्यान गएको थियो भने यस साल साउनदेखि भदौ मसान्तसम्म ७५ जिल्लामा फैलिई १३ हजार बढी संक्रमित र १३ जनाको मृत्यु भइसकेको छ । संक्रमण बढ्दै जाँदा अस्पतालमा जटिल लक्षण लिएर आउने बिरामी पनि बढेका छन् । काठमाडौं, ललितपुर, मकवानपुर, रूपन्देही, दाङ, भक्तपुर, धादिङ, तेह्रथुम, काभ्रे र चितवन गरी १० जिल्ला उच्च जोखिममा छन् । संक्रमितको संख्या आकासिएको, अस्पतालमा बढेको चाप, भर्ना भएरै उपचार गर्ने र आईसीयूसम्मै पुग्ने बिरामीको संख्या थपिँदो छ, जसले झनै प्रकोप र भयानकता देखाउनेमा आशंका छैन ।

टेकु अस्पतालले डेंगु क्लिनिक सुरु गर्दा ज्वरोका लागि भनेर गरेको थियो 'अबगकभ कडा समस्या भएको देखिएको थिएन । तर, पछिल्लो समय डेंगुको विशेष औषधि हुँदैन, ज्वरो र शारीरिक पीडा कम गर्न सिटामोलबाहेकको औषधि प्रयोग गर्न नहुने तथा आयुर्वेदिक र होमियोप्याथीप्रतिको विश्वासले धेरै संक्रमित घरमै बस्न थालेका छन् ।

अस्पताल नजाने, ज्यादै ढिला जाने, सिटामोलले ज्वरो र दुखाइ कम नभएपछि ब्रुफेन, एस्प्रिन सेवन गर्ने, पुनः भिन्दै सेरोटाइपबाट संक्रमित, प्लेटलेट बढाउन अनियन्त्रित र जथाभावी वैकल्पिक औषधि लिने र ज्यादै जटिल भएपछि मात्र अस्पताल पुग्दा कोभिड दोस्रो लहरमा झैं बेहोस र प्रांगणमै ढल्ने दैनिक एकपछि अर्को देखिँदै छ । जबकि, विगतमा यस्तो कहिल्यै नदेखिएको वरिष्ठहरू बताउँछन् ।

डेंगुमा खोकी लाग्दैन, सास फेर्न गाह्रो हुँदैन, कडा ज्वरो आउँछ, अत्यधिक थकाइ लाग्छ, नाकबाट पानी बग्दैन, झाडापखाला लाग्दैन ।

अत्यधिक टाउको दुख्छ । खाना नरुच्ने, अत्यधिक जिउ दुख्ने, स्वाद वा गन्ध हराउने हुँदैन, घाँटी दुख्दैन, जाडो महसुस हुँदैन, वाकवाकी लाग्ने हुन्छ । डेंगु भनेकै दुखाइभन्दा फरक नपर्ने भएको छ । शारीरिक दुखाइ कम गर्न धेरैले फ्लेक्सन वा ब्रुफेन तथा एस्प्रिन औषधिको सहारा लिँदा झनै जोखिम बढेको छ । मुख्य लक्षण नै अत्यधिक शारीरिक पीडा हो । ब्रेक बोन फिवर अर्थात् ह● भाँचिएसरह दुखाइ हुने ज्वरो पनि भनिन्छ । हालसम्म संक्रमण परिवार परिवारमा, टोल टोलमा डेंगुको दुखाइ लिएर बसेका संक्रमितको संख्या अत्यधिक छ ।

तारन्तार बान्ता हन, अत्यधिक पेटको दखाइ, नाक, गिँजा वा शरीरका अन्य ठाउँबाट रगत बग्ने, दिसा, पिसाब वा बान्तामा रगत देखिने, आलस्य वा बेचैन, श्वास प्रश्वासमा तीव्रता वा कठिनाइजस्ता ५ लक्षण देखिए जटिलतातिर गइरहेको हुनसक्ने भएकाले तुरुन्त चिकित्सक वा अस्पताल जानुपर्छ । चिकित्सकले परीक्षण गर्दा पेट वा फोक्सोमा पानी जमेको, कलेजोको आकार सामान्यभन्दा २ सेमि बढी बढेको र रगतमा प्लेटलेटको संख्यामा तीव्र गिरावट आएको देखिन्छ ।

### मेवाको पात खाएर बेहोस

मेवाको पात खाएर रोग छिटो निको हुन्छ, प्लेटलेट घट्न नदिने तथा घटेको पनि छिटो सामान्य बनाउने भन्ने सल्लाहले मेवाको पात खोजी सिलौटामा थिचेर पानीमा हाल्दै ३ दिन लगातार खाएकी युवतीमा स्वास्थ्यमा असहज भएपछि अस्पताल आउनेक्रममा बेहोस परिन् । अरूको लहैलहैमा वा सामाजिक सञ्जालमा भनेजस्तै मेवाको पात खाएर जटिल बन्नेमा यी एक प्रतिनिधि पात्र हुन् ।

बजारमा मेवाको पातको माग ह्वात्तै बढेको कारणले पनि घरघरमा प्रयोग भइरहेको आँकलन गर्न सकिन्छ ।

मेवाको पात प्रयोग गरेलगत्तै पेट बाउँडिने, बटारिने, वाकवाक लाग्ने, बान्ता हुने भएकाले अस्पताल पुगी परामर्श लिने प्रशस्तै छन् भने भन्न नचाहने पनि धेरै छन् । दीर्घकालमा कलेजोलगायतका अंगमा नकारात्मक असर देखाउँछ ।

### पहिलोभन्दा दोस्रो र तेस्रोपटक बढी जटिल

डेंगु पहिलोपटक र दोहोरिँदाको संक्रमण गर्ने भाइरस फरक प्रकारको हुने भएकाले बढी जटिल हुने गर्छ । पहिले बनेको एन्टिबडीले काम नगर्ने र एन्टिबडीलाई भऱ्याङ बनाएर सजिलैसँग इम्यन सिस्टमको कोषहरू प्रयोग गरी फैलिन्छ । खोप विकास तथा प्रभावकारी हुन सकेको छैन । सामान्य मानिसलाई धेरै जटिलता नहोला तर दीर्घरोगी तथा स्वास्थ्य जटिलता भएकालाई धेरै असर गर्नसक्छ । हरेक २० जना संक्रमितमध्ये १ जनालाई जटिलता हुनसक्ने र मृत्युदर १ देखि २ प्रतिशत देखिन्छ । गर्भवती, साना बच्चाहरू र दोहोरिएर भएको संक्रमणमा जटिल समस्या आउन सक्छ ।

### स्मार्ट लामखुट्टेको स्मार्ट आनीबानी

दिउँसो सक्रिय र राति नआउने । आकार सानो, झट्ट नदेखिने र दिउँसोमा आउने भएकाले आवाज सुनिँदैन । प्याट्ट मार्दा रगत आउँदैन, कालो, फुस्रो धुलोजस्तो देखिन्छ । टोकेपछि शरीरमा चिलाएजस्तो हुने, मसिना बिबिरा आउने, केही समय नराम्ररी चिलाउने तथा कहिलेकाहीँ बिबिरा बढेर ठूला फोका पर्छन् । सफा पानीमा बढ्ने, फूल पार्ने गर्छ ।

मानिसमा डेंगुको संक्रमण डेंगु विषाणुबाट संक्रमित लामखुट्टे एडिस एजिप्टी र एडिज अल्वोपिक्टसको टोकाइबाट लाग्छ । कालो रङको लामखुट्टेमा सेतो थोप्ला वा छिर्केमिर्के रङको वा बाघजस्तै टाटेपाटे यो लामखुट्टेले टोकेपछि मानिसलाई चिलाउँछ ।

यसलाई हुर्कन ५ मिलि जमेको पानी र तापक्रम १६ देखि ४० डिग्री भए पुग्छ । लामखुट्टे १० डिग्रीभन्दा कम र ४० डिग्रीभन्दा बढी तापक्रममा मर्ने भएकाले नेपालको तराईको तापक्रमको फरकताले तथा पहाडमा बढेको गर्मीले कुनै मौसममा लामखुट्टे निर्मूल हुने अवस्था देखिँदैन । दिउँसो मात्र टोक्ने यस लामखुट्टे अप्राकृतिक भाँडा, घरभित्र जमेर बसेको पानी जस्तै एसी, कुलर, खानेपानीको ट्यांकी, फूलदानी, गमला, फालेको टायर, मिनरल वाटरको खाली बोतलजस्ता अप्ठ्यारा ठाउँमा पाइने गर्छ ।

सबैभन्दा खतरनाक त टायर हो, जहाँ हरेक पत्रपत्र वा तहतहमा पानी जम्छ । सफा पानीमा बस्ने भएकाले यस लामखुट्टेलाई एसियन टाइगर वा भीआईपी लामखुट्टे पनि भनिन्छ । लामखुट्टे बाँदरलाई वा रोगी मानिसलाई टोक्दा डेंगु भाइरसबाट संक्रमित हुन्छ । संक्रमित लामखुट्टेले पारेका फुलबाट उत्पन्न हुने सबै लामखुट्टे जीवनभर संक्रमित रहन्छन् । तर, लामखुट्टेबिना मानिसबाट मानिसमा डेंगु सर्दैन ।

### अभियान

'डेंगु नष्ट घरबाटै' भन्दै अभियान चल्दै छ । जोखिम न्यूनीकरण गर्न जनचेतना नै कम भयो, झाडी फाँड्ने, पेस्टिसाइड छर्ने उपायका 'दयगतमा 'तैं चुप मैं चुप' छन् भन्ने जनगुनासो छ । हरेक परिवारलाई हरेक शनिबार १० बजे १० मिनेट समय छुट्याएर आफ्नो घरभित्र र बाहिर 'लामखुटेको फुल पार्ने ठाउँलाई खोजौं र नष्ट गरौं' अभियान सञ्चालन गर्न ७ वटै प्रदेश र ७ सय ५३ वटै स्थानीय तहलाई संघीय मन्त्रालयमार्फत मार्गदर्शन गर्न तथा डेंगुबाट बच्न तथा जोखिम कम गर्न कर्मचारीलाई कार्यस्थलवरिपरि निरन्तर सफा राख्न र कार्यालय समयमा पूरा बाहुला भएको पोसाक अनिवार्य लगाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २७ भदौ २०७९ मा विशेष अनुरोध गरेको छ । नागरिकहरू सर्तक र स्थानीय सरकार समुदाय सक्रिय भएमा मात्रै डेंगु नियन्त्रणमा आउन सक्छ । नत्र, अवस्था अझ भयावह हुनसक्ने भएकाले संक्रमण रोकथाम र नियन्त्रणका लागि अभियान नै चलाउन सम्बन्धित सबै जिम्मेवार बन्नैपर्छ ।

सन् २००४ मा बाँकेमा पहिलोपटक पुष्टि भएको डेंगु तराईभन्दा पहाड र हिमालतिर बढी देखिँदै छ ।

तीनपटक त महामारी फैलिसकेको छ । संक्रमण टाइप १ बाट २ मा जाने, मृत्यु कम हुने क्लासिकबाट बढी मृत्यु हुने हेमोरेजिक र सक डेंगुमा जानसक्ने, मुलुकका केही स्थानका ठूला अस्पताल र मेडिकल कलेजमा मात्र उपलब्ध भेन्टिलेटर, जनचेतनामा कमी, रक्तसञ्चारको अभाव आदिले समयमै सजग नभए ठूलो महामारी भई धेरै धनजनको क्षति हुने निश्चित छ ।

*राजधानी*

## प्राविधिक...

१६ जना, बाली विज्ञानमा १४ जना, प्रि-डिप्लोमा सिभिल इन्जिनियरिङमा ४ जना गरी जम्मा ६२ जना थिए । यसैगरी २०७८ सालमा सिभिल इन्जिनियरिङमा १९ जना पशुविज्ञानमा १४ जना, बाली विज्ञानमा १० जना, सूचना प्रविधिमा १६ जना गरी ५९ जनाले छात्रवृत्ति प्राप्त गरेका थिए ।

यस वर्ष नगरपालिकाले सिभिल इन्जिनियरिङमा १४ जना, पशुविज्ञानमा १५ जना, बालीविज्ञानमा ८ र सूचनाप्रविधिमा ११ गरी जम्मा ४८ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ ।

नगरपालिकाले इन्जिनियरिङ, पशुविज्ञान, बालीविज्ञान, नर्सिङ, वनविज्ञान, आयुर्वेद, फुड एण्ड टेक्नोलोजी र अटो मोबाइल विषयमा अध्ययन गर्न चाहने विद्यार्थीहरुबाट आवेदन माग गरेको थियो । नगरपालिकाको आह्वानअनुसार इन्जिनियरिङ, पशुविज्ञान, बाली विज्ञान र सूचना प्रविधि विषय अध्ययन गर्नेहरुले मात्रै छात्रवृत्तिका लागि आवेदन दिएको नगरपालिकाको भनाइ छ ।

नगरपालिकाले प्राविधिक छात्रवृत्तिका लागि पहिलो वर्ष ४० लाख विनियोजन गरेको थियो । त्यसयता उसले हरेक वर्ष ३० लाखका दरले बजेट विनियोजन गर्दै आए पनि लक्षित कोटा अनुसार विद्यार्थी उपलव्ध नहुने समस्या भोग्दै आएको छ ।

नगरपालिकाले सम्बन्धित शिक्षण संस्थाहरुले लिने सम्पूर्ण शुल्क व्यहोर्ने गर्दछ । जस अनुसार सिभिल इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीले प्रतिसेमेष्टर ३२ हजारका दरले छात्रवृत्ति पाउने गर्दछन् । पशु विज्ञान, बाली विज्ञान र सूचना प्रविधि अध्ययन गर्ने विद्यार्थीलाई नगरपालिकाले वार्षिक २० हजारका दरले छात्रवृत्ति उपलव्ध गराउँदै आएको छ । 'नगरभित्रका शिक्षण संस्थामा पठनपाठन हुने विषय अध्ययनका लागि विद्यार्थीहरुमा चासो देखिए पनि बाहिर गएर अध्ययन गर्नुपर्ने विषयमा उनीहरुमा चासो देखिएन' रोल्पा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख कर्णबहादुर पुनमगरले भने, 'प्राविधिक अध्ययनप्रति विद्यार्थीको रुचि नभएर पनि छात्रवृत्तिको लक्षित कोटा पूरा नभएको हुनसक्छ ।'

'राम्रो अंक लिएकाहरु विज्ञान तथा अन्य प्राविधिक विषय अध्ययनका लागि जिल्ला बाहिर जाने चलनले पनि नगरपालिकाको छात्रवृत्तिले उनीहरुलाई आकर्षण गर्न सकेको छैन,' पुनमगरले भने ।

रोल्पा नगरपालिका भित्रका शिक्षण संस्थाहरुमा सिभिल इन्जिनियरिङ, पशु विज्ञान, बालीविज्ञान र सूचना प्रविधि विषयमा पढाइ हुने गर्दछ । सिभिल इन्जिनियरिङ विषयको डिप्लोमा र प्रि-डिप्लोमा बालकल्याण माविले पढाउने गर्छ भने पशुविज्ञान, बालीविज्ञान र सूचना तथा प्रविधि सीटीईभीटीको आंगिक शिक्षालय रोल्पा प्राविधिक शिक्षालयले पढाउने गर्दछ । नगरपालिकाको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरुले पढाइ पूरा गरेपछि १ वर्ष नगरपालिकामा स्वयंसेवा गर्ने गरी नीति ल्याउने तयारी नगरपालिकाले गरेको छ । (अनलाइनखबर)

# रेडक्रस सोसाइटी मायादेवी उपशाखाको सभापतिमा मिश्र



**गौतमबुद्ध सन्देश**
भैरहवा, २ असोज।

नेपाल रेडक्रस सोसाइटी मायादेवी उपशाखा, रुपन्देहीको प्रथम अधिवेशन शनिबार सम्पन्न भएको छ। अधिवेशनले विपिन कुमार मिश्रको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ। उपशाखाको उपसभापतिमा माया केवट, सचिवमा बैजनाथ गुप्ता, कोषाध्यक्षमा शम्भु तिवारी, सह–सचिवमा विजय पाण्डे र सह–कोषाध्यक्षमा शिवशक्ति बनिया रहेका छन्। त्यस्तै सदस्यहरुमा इमिर्ती केवट, अब्दुल कयुम मुसलमान, शिशिर पौडेल, देवराज लोहार र खेम बहादुर चौधरी निर्वाचित हुनुभएको निर्वाचन अधिकृत दल बहादुर थापाले बताए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मायादेवी गाउँपालिकाका अध्यक्ष धुवनारायण चौधरीले गाउँपालिका र वडास्तरले उपशाखालाई कार्यक्रम सञ्चालन र सम्पादनमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। उनले निर्वाचित हुने कार्यसमितिसँग हातेमालो गर्दै जाने प्रतिवद्धता व्यक्त गरे।

मायादेवी गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर ७ का वडाअध्यक्ष शैलेन्द्र पाण्डेयले नेपाल रेडक्रस सोसाइटी मायादेवी उपशाखालाई गाउँपालिकाले सधैं सहयोग गर्ने र सामाजिक कार्यमा हातेमालो गर्ने बताए।

रेडक्रस मायादेवी उपशाखाका नवनिर्वाचित सभापति विपिन कुमार मिश्र गाउँपालिकासँग सहकार्य गरी मानव सेवामा समर्पित रही रेडक्रसको आदर्श, मूल्य, मान्यता र विधानबमोजिम उत्तरदायी भएर आफ्नो जिम्मेवारी पूर्ण प्रतिवद्धता व्यक्त गरे। रेडक्रस सोसाइटी मायादेवी उपशाखाको तदर्थ समितिका सभापति विपिन कुमार मिश्रको अध्यक्षता तथा मायादेवी गाउँपालिकाका अध्यक्ष ध्रुवनारायण चौधरीको प्रमुख आतिथ्यता, उपाध्यक्ष नर्मदा देवी उपाध्यायको विशिष्ट आतिथ्यता, वडाअध्यक्षहरुको आतिथ्यतामा सम्पन्न कार्यक्रममा संस्थाका आजीवन सदस्यहरु लगायतको उपस्थिति रहेको थियो। रेडक्रस सोसाइटी मायादेवी उपशाखाका सह–सचिव विजय पाण्डेको स्वागत तथा शिशिर पोखरेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष शम्भु तिवारीले संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। नवनिर्वाचित पदाधिकारीहरुलाई निर्वाचन अधिकृत दल बहादुर थापाले सपथग्रहण गराएका थिए। त्यस्तै मायादेवी गाउँपालिकाकी उपाध्यक्ष नम्रदा देवी उपाध्यायले नवनिर्वाचित कार्यसमितिका पदाधिकारी र सदस्यहरुलाई प्रमाणपत्र वितरण गरेकी थिइन्।

# डेंगु नियन्त्रणका लागि छत्रकोट गाउँपालिकाको सक्रियता



**अमर पन्थ**
बुटवल, २ असोज।

गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकाले डेंगु रोगबाट जोगिन प्रत्येक शनिबार बिहान १० बजे १० मिनेट छुट्याई घरभित्र र बाहिर लामखुट्टेले फुलपार्ने ठाउँहरु खोजौं र नष्ट गरौं अभियान सञ्चालन गर्ने भएको छ। पालिकाभित्र यो अभियान सञ्चालन गर्ने गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले बताए। गाउँपालिकाले डेंगु रोगबाट बच्न तथा बचाउन भन्दै एक सार्वजनिक सूचना जारी गरेको छ। गाउँपालिकाले यस रोगबाट बच्नका लागि बेलुकी ४ बजेदेखि बेलुकी ६ बजेसम्म बालबालिकाहरुलाई अनावश्यक हिड्डुल गर्न तथा खेल्न नदिन समेत सम्पूर्ण अभिभावकहरुलाई अपील गरिएको छ। साँझ पर्न लाग्दा, अपरान्ह ४ बजेपछि घरका झ्यालहरु बन्द गर्न आग्रह गरिएको छ।

हातखुट्टा राम्ररी छोप्ने गरी लुगा लगाउने, लामखुट्टेले हातमा भन्दा कुर्कुचा तथा घाँटीको पछाडी टोक्ने भएकाले अनिवार्य रुपमा मोजा र घाँटी छोप्ने कपडा लगाउन सबैमा अनुरोध गरेको छ। यस्तै पानी जम्न सक्ने फालिएका टायर, भाँडावर्तन, प्लाष्टिकका कागज लगायतका वस्तुलाई सफा राख्न गाउँपालिकाले अनुरोध गरेको छ।

पानी जम्ने खाडल पुर्ने, विद्यालय, मैदान तथा घर वरीपरी लामखुट्टे भगाउन मार्ने वा औषधी छर्किन आग्रह गरिएको छ। हात खुट्टामा लामखुट्टे भगाउन लोशन वा क्रिम लगाउने, बेलुकी घरका झ्याल ढोका राम्ररी बन्द गर्न पालिकाबासीलाई आग्रह गरेको छ।

सामान्यतया यो रोग लाग्दा टाउको दुख्ने, आखाँको गेडी वरीपरी वा पछाडी तिर दुख्ने, जिउ दुख्ने, जिउ थकित हुने, जिउमा मसिनो दाग आउने, बान्ता हुने, झाडापखाला लाग्ने, मन्द पेट दुख्ने जस्ता लक्षणहरु देखा पर्दछ। कुनै पनि लक्षण देखिन साथ श्रृंगा प्राथमिक स्वास्थ्य केन्द्र वा नजिक रहेको स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाइमा सम्पर्क गर्न छत्रकोट पालिकाबासीलाई आग्रह गरेको छ। रोग निदानका लागि हाल श्रृंगा प्राथमिक स्वास्थ्य केन्द्रमा डेङ्गु रेपिड टेष्ट उपलब्ध रहेको छ। लक्षण देखिएका बिरामीले परीक्षण गराएर स्वास्थ्यकर्मीको सल्लाह अनुसार औषधी खाने, प्रशस्त मात्रामा झोलिलो खाना खाने र आराम पालिकाले आग्रह गरेको छ। भिटामिन सी पाइने फलफूलहरु खाइहने (रोग लागेको थाहा पाउनासाथ चिकित्सक कहाँ जान र उपचारमा ढिलाइ भइ हुने मृत्युबाट आफूलाई जोगाउँ भन्दै पालिकाबासीलाई अनुरोध गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख श्यामसुन्दर पोखेलले बताए।

# सामूहिक विद्यालय परिवारको आयोजनामा स्मरण खेल प्रतियोगिता




**गौतमबुद्ध सन्देश**
भैरहवा, २ असोज।

सामूहिक विद्यालय परिवारको आयोजनामा स्मरण खेल (मेमोरी गेम) प्रतियोगिता सम्पन्न भएको छ। कक्षा १, २ र ३ मा अध्ययनरत विद्यार्थीहरुलाई ४० वटा फरकफरक वस्तुहरु राखेर पहिचान गर्न लगाउने खेल प्रतियोगिता भएको हो।

भैरहवामा आयोजित कार्यक्रममा सामूहिक विद्यालय परिवार रुपन्देहीका १७ वटा विद्यालयका १७ छात्र र १७ छात्रा गरी ३४ जना विद्यार्थीहरु कार्यक्रममा सहभागी भएका थिए। छात्रतर्फ मनकामना बोर्डिङ हाइ स्कूलका अबसोज खान प्रथम, सनसाइट बोर्डिङ स्कूलका अनिस चौधरी दोस्रो, लुम्बिनी शिक्षा निकेतका शाहिल खान तेस्रो र युनिक होम्स स्कूलका आयुसेक घर्ती सान्त्वना भएका थिए।

त्यस्तै छात्रातर्फ स्पाङगल बोर्डिङ स्कूलकी प्रतीक्षा कुर्मी प्रथम, मिर्नवा हाई स्कूलकी लिजा गुरुङ दोस्रो, मनकामना हाई स्कूलकी सरिना क्षेत्री तेस्रो र एभरेष्ट मोर्डन स्कूलकी प्रियंका जैसवाल सान्त्वना भएकी थिइन्।

कार्यक्रममा बोल्दै सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ का वडाअध्यक्ष उज्जवल पोखरेलले विद्यार्थीको अतिरिक्त सिकाइको लागि सामूहिक विद्यालय परिवारले कार्यक्रम गरेको बताए। उनले विद्यार्थीको चौतर्फी विकासका लागि निरन्तर रुपमा विद्यालय लाग्न आग्रह गरे।

सामूहिक विद्यालय परिवार रुपन्देहीका अध्यक्ष उदय कुमार मल्लिकले विद्यार्थीहरु हरेक क्रियाकलापमा सक्रिय हुनुपर्ने बताए।

परिवारका पूर्वअध्यक्ष राजकुमार गुरुङले मानिसको स्मरण शक्ति भएकोले सर्वश्रेष्ठ प्राणी भएको बताउँदै विद्यार्थीहरु लगनशील भएर अध्ययन गर्नुपर्ने बताए। सामूहिक विद्यालय परिवार रुपन्देहीका १८ विद्यालयमध्ये १७ विद्यालयले कार्यक्रममा सहभागिता जनाएका थिए।

# अग्रज पत्रकार सुर्य श्रेष्ठको निधनप्रति प्रेस चौतारी रुपन्देहीद्वारा दुःख व्यक्त

**गौतमबुद्ध सन्देश**
बुटवल, २ असोज।

प्रेस चौतारी नेपाल, रुपन्देहीले आफ्ना सदस्य तथा अग्रज पत्रकार सुर्य श्रेष्ठ आजादको निधनप्रति दुःख व्यक्त गरेको छ।

अधिवक्ता तथा सामाजिक व्यक्तित्व श्रेष्ठको शनिबार बिहान बुटवल उपमहानगरपालिका–७ स्थित आफ्नै निवासमा निधन भएको हो। प्रेस चौतारी नेपाल रुपन्देहीका सचिव केशव भण्डारीद्वारा जारी विज्ञप्तीमा उहाँको दुःखद निधन भएको खबरले स्तब्ध भएको जनाइएको छ।

'शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति श्रद्धासुमन व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।' प्रेस चौतारीद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ। उनी लामो समयदेखि अस्वस्थ भइ उपचाररत रहेका थिए। समाजसेवी श्रेष्ठ पूर्व जनप्रतिनिधि समेत थिए।

# भीम अस्पतालको वार्षिक समीक्षा कार्यक्रम



**गौतमबुद्ध सन्देश**
भैरहवा, २ असोज।

आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालित स्वास्थ्य कार्यक्रमबारे भैरहवास्थित भीम अस्पतालले वार्षिक समीक्षा कार्यक्रम गरेको छ। भैरहवामा आयोजित उक्त कार्यक्रममा बोल्दै मेडिकल सुपरीटेण्डेण्ट डा. शकुन्तला गुप्ताले सबै मिलेर आर्थिक वर्ष २०७८/७९ मा अस्पतालमा राम्रो काम भएको बताए। उनले अस्पतालमा आवश्यक जनशक्तिको अभाव भएको बताइन्। उनले भनिन्, 'अस्पतालबाट उत्कृष्ट सेवा प्रदान गर्न लागिपरेका छौं।' काम गर्ने क्रममा कमीकमजोरी हुने भएकाले ती कमीकमजोरीलाई सुधार गर्दै जाने उनको भनाइ थियो। अस्पताल विकास समितिका अध्यक्ष नारायण प्रसाद भण्डारीले कोरोनाको बेला भीम अस्पतालले उत्कृष्ट काम गर्न सफल भएको दावी गरे। उनले अस्पतालमा विशेषज्ञ सेवा थप गर्दै जाने बताए। उनले भने, 'बिरामीलाई अस्पतालबाहिर नजाने गरी सेवा सञ्चालन गर्न लागिपरेका छौं।' उनले सरकारी अस्पतालबाट निःशुल्क रुपमा उपलब्ध हुने औषधी सरकारले अस्पताललाई उपलब्ध गराउनुपर्ने माग गरे। स्वास्थ्य निर्देशनालय लुम्बिनी प्रदेशका प्रतिनिधि खिमलाल पाण्डेले फोहोरमैला व्यवस्थापनमा विशेष ध्यान दिन अस्पताललाई आग्रह गरे। उनले सीमित स्रोतसाधनका बाबजुद भीम अस्पतालले राम्रो सेवा प्रदान गरेको बताए।

स्वास्थ्य कार्यालय रुपन्देहीका भेक्टर कन्ट्रोल निरीक्षक केदारनाथ साहले सिद्धार्थनगर नगरपालिकालाई स्वास्थ्य क्षेत्रमा अगाडि ल्याउन भीम अस्पतालको महत्वपूर्ण योगदान रहेको बताए। उनले विगतमा कोभिड–१९ विरुद्ध एकजुट भएर काम गरे जस्तै डेंगुविरुद्ध पनि एकजुट भएर काम गर्नुपर्ने बताए।

सिद्धार्थनगर नगरपालिकाकी स्वास्थ्य शाखाप्रमुख गीतादेवी न्यौपानेले सिद्धार्थनगर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा राम्रो काम गरेको र यसको श्रेय भीम अस्पताललाई पनि जाने बताइन्। उनले भीम अस्पतालबाट सिद्धार्थनगर नगरपालिकाले राम्रो सहयोग पाएको बताइन्।

भीम अस्पताल विकास समितिका अध्यक्ष नारायण प्रसाद भण्डारीको अध्यक्षता, अस्पतालकी इन्डोर इन्चार्ज भगवती रानाको स्वागत तथा प्रशासकीय अधिकृत गोविन्द ज्ञवालीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा अस्पतालकी मेडिकल सुपरीटेण्डेण्ट डा. शकुन्तला गुप्ताले समीक्षात्मक प्रस्तुतीकरण गरेकी थिइन्।

# बजाजले ल्यायो पल्सर १२५ सीसी एनएस बीएस–६



**गौतमबुद्ध सन्देश**
भैरहवा, २ असोज।

बजाजको नयाँ मोडेल बजाज पल्सर १२५ सीसी एनएस बीएस–६ बजारमा आएको छ। बजाज मोटरसाइकलको नेपालका लागि आधिकारिक वितरक हँसराज हुलास चन्द एण्ड कम्पनी प्रा.लि.ले आफ्ना डिलरमार्फत देशव्यापी रुपमा भदौ २८ गतेदेखि बजाज पल्सर १२५ सीसी एनएस बीएस–६ बजारमा बिक्रीवितरण सुरु गरेको हो।

भैरहवा क्षेत्रका लागि बजाज मोटरसाइकलको आधिकारिक बिक्रेता बज अटोमोबाइल्स प्रा.लि. ले उक्त मोटरसाइकल लन्चिङ गरी बिक्री शुभारम्भ गरेको छ। मोटरसाइकलको एक कार्यक्रमकाबीच बज अटोमोबाइल्स प्रा.लि.का सञ्चालक गुरु प्रसाद क्षेत्रीले लन्चिङ गरेका हुन्।

सो अवसरमा बोल्दै सञ्चालक क्षेत्रीले बजाज पल्सर १२५ सीसी एनएस बीएस–६ कम्प्युटर सेग्मेन्टमा बजारमा लिएर आएकोले पल्सर एन.एस.को चाहना राख्ने ग्राहकहरुको लागि बजाजले मोटरसाइकल इन्जिनमा हालसम्मकै नविनतम प्रविधि (बीएस–६) लिएर आएको बताए। उनले यो मोटरसाइकल स्पोर्टी लुक्स, स्टाइलिस, भिन्न ग्राफिक्स र अतिरिक्त विशेषतासहित रहेको जानकारी दिए। बजेट र माइलेजको लागि यो मोटरसाइकल अत्यन्तै प्रभावकारी हुने उनको भनाइ छ। यो मोटरसाइकल चार कलरमा उपलब्ध रहेको र हाल यसको बजार मूल्य रु. २ लाख ७९ हजार ९ सय रुपैयाँ रहेको बज अटोमोबाइल्स प्रा.लि.का व्यवस्थापक बलराम आचार्यले बताए।


## गाउँबासीहरुमा हार्दिक अनुरोध !

**डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरुः**

यो रोगबाट बच्नको लागि मुख्यतयाः लामखुट्टेको टोकाइबाट जोगिनु पर्दछ। यसको लागि लामखुट्टेको नियन्त्रण नै सबैभन्दा उत्तम उपाय हो। लामखुट्टेको नियन्त्रण गर्न तल दिइएका कुराहरुमा ध्यान दिनुपर्छ।

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने।
- लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्ने।
- लाखुट्टेको टोकाइबाट बच्न सधैं राति र दिउँसो पनि झालभित्र सुत्ने।
- घर वरपर बा खेतबारीमा काम गर्न जाँदा लामखुट्टेका टोकाइबाट बच्न ध्यान पुऱ्याउने।
- झ्याल ढोकाका जाली लगाई बन्द राख्ने।

अनुरोधकः

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद पाण्डे
अध्यक्ष

छत्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, गुल्मी

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# अत्याधुनिक प्रविधिसहितको 'सिद्धार्थ डायग्नोष्टिक सेन्टर' सञ्चालनमा




**गौतमबुद्ध सन्देश**
बुटवल, २ असोज।

बुटवलमा अत्याधुनिक प्रविधिसहितको सिद्धार्थ डायग्नोष्टिक सेन्टर बुटवल प्रा.लि सञ्चालनमा आएको छ। बुटवलको अस्पताल लाइन भुड्की चोकदेखि पूर्व श्रवणपथमा शनिबार सिद्धार्थ डायग्नोष्टिक सेन्टर प्रा.लि.को औपचारिक रुपमा शुभारम्भ गरिएको हो । विश्वकर्मा पूजाको अवसरमा बुटवलका सामाजिक तथा शैक्षिक व्यक्तित्व बसन्तराज खनालले एक समारोहकाबीच डायग्नोष्टिक सेन्टरको उद्घाटन गरेका हुन्। उद्घाटन गर्दै उनले अन्य ल्याबमा भन्दा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नुपर्नेमा जोड दिए। बिरामीहरुको मन जितेर यसलाई ल्याबको पनि ल्याब बनाउनुपर्ने उनको भनाइ थियो। यहाँको सेवाले बिरामीको रोग निदानका लागी महत्वपूर्ण सहयोग पुर्याउन सके मात्रै यसप्रति बिरामीको विश्वास बढ्ने उनले बताए । बुटवलमा लामो समयदेखि विभिन्न पेशा व्यवसाय गर्दै आएका व्यक्तिहरु र ८ जना विशेषज्ञ डाक्टरहरुको संयुक्त लगानीमा बिरामीहरुलाई सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले सिद्धार्थ डायग्नोष्टिक सेन्टर शुभारम्भ गरिएको हो।

दिशा पिसाब, खकार, वीर्य साथै रगतबाट हुने सम्पूर्ण परीक्षण, कलेजो, मुटु, मृगौला, थाइराइड तथा विभिन्न हर्मनहरुको दक्ष मेडिकल टेक्नोलोजिष्टहरुद्वारा जाँच गरी बिशेषज्ञ डाक्टरबाट परामर्श सेवा पाइने संस्थाका अध्यक्ष उपेन्द्र अर्यालले जानकारी दिए। विदेश जानेहरुका लागि प्री-मेडिकलको व्यवस्था समेत रहेको उनले बताए । यसका साथै बिरामीले यहाँबाट दैनिक २ घण्टा विशेषज्ञ डाक्टरबाट निःशुल्क परामर्श सेवा पाउनेछन्। त्यस्तै उनले बुटवलमा नै गुणस्तरीय सेवा दिने उद्देश्यका साथ स्थापना गरेको बताए । बिरामीहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न सम्पूर्ण टीम लागेको उल्लेख गर्दै उनले आगामी दिनमा अझ थप सुविधाका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे।

शुभारम्भ कार्यक्रममा संस्थाका अध्यक्ष उपेन्द्र अर्यालको अध्यक्षता, संस्थाका सल्लाहकार सामाजिक तथा शैक्षिक व्यक्तित्व बसन्तराज खनालको प्रमुख आतिथ्यता, मेडिकल ल्याब्रेटरी एशोसिएशन नेपाल (मेलान) का केन्द्रिय उपाध्यक्ष रमेश पाण्डेको विशिष्ट आतिथ्यता रहेको थियो।

त्यस्तै कार्यक्रममा ज्योती विकास बैंक लुम्बिनी प्रदेशका प्रमुख कपिल न्यौपाने, मेलान रुपन्देहीका अध्यक्ष नारायण न्यौपाने, मानव अधिकार तथा शान्ति समाज रुपन्देहीका पूर्व अध्यक्ष डी.पी खनाल, व्यवसायी तथा समाजसेवी दलबहादुर सुनार, विभिन्न ल्याब्रेटरीका निर्देशक, विशेषज्ञ डाक्टर तथा विभिन्न विद्यालयका शिक्षकसँगै अन्य सामाजिक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन सिद्धार्थ डायग्नोष्टिक सेन्टरका सञ्चालक विष्णु गैरैले गरेका थिए।

# एकैपटक १८ स्थानमा रक्तदान




**गौतमबुद्ध सन्देश**
भैरहवा, २ असोज।

नेपालका ९ वटा शहरको १८ स्थानमा एकैपटक रक्तदान गरिएको छ । भैरहवा, धरान, विराटनगर, धुलाबारी, रावविराज, वीरगंज, काठमाडौं, ललितपुर र कीर्तिपुरका विभिन्न ठाउँमा रक्तदान गरिएको हो । तेरापंथ युवक परिषद्, भैरहवा, धरान, विराटनगर, धुलाबारी, रावविराज, वीरगंज, काठमाडौं, ललितपुर र कीर्तिपुरले एकैपटक रक्तदान कार्यक्रमको आयोजना गरेका हुन् । अखिल भारतीय तेरापंथ युवक परिषदको समन्वयमा शनिबार नेपाल र भारतसहित विश्वका २ हजार भन्दा बढी स्थानमा एकैपटक रक्तदान गरिएको छ । 'मानव हो मानवको कुरा गरौं, आउँ संकलिप्त भई सबै रक्तदान गरौं' भन्ने नाराका साथ रक्तदान शिविर गरिएको आयोजकले जनाएका छन् । नेपालसहित विश्वभर एकैपटक रक्तदान कार्यक्रमको आयोजना गरिएको तेरापंथ युवक परिषद्, भैरहवाका सदस्य तथा रक्तदान कार्यक्रमका संयोजक अजय पारखले बताए । भैरहवास्थित मारवाडी सेवा संघको भवनमा आयोजना गरिएको कार्यक्रमबाट १ सय ८ युनिट रगत संकलन भएको पारखले जानकारी दिए। नेपालका विभिन्न शहरमा गरी १ हजार ८ सय युनिट भन्दा बढी रगत संकलन भएको पारखले बताए। रक्तदान कार्यक्रम आयोजना गरिएका ठाउँमा सम्बन्धित जिल्लास्थित नेपाल रेडक्रस सोसाइटीले समन्वय गरेर सहयोग गरेको उनले बताए।

अन्य मुलुकमा भारतीय तेरापंथ युवक परिषदले समन्वय गरेको हो। यो विश्वकै सबैभन्दा ठूलो रक्तदान शिविर भएको आयोजकले दावी गरेका छन्।

# आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृतलाई स्वागत




**गौतमबुद्ध सन्देश**
भैरहवा, २ असोज।

उद्योग व्यापार संगठन, रुपन्देहीले आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत शान्तिराम निरौलालाई स्वागत गरेको छ। हालै मात्र सरुवा भइ आन्तरिक राजस्व कार्यालय भैरहवामा प्रमुख कर अधिकृतको जिम्मेवारी सम्हाल्नुभएका निरौलालाई शनिबार स्वागतका साथै तथा परिचयात्मक कार्यक्रम गरिएको संगठनका अध्यक्ष अनिल कुमार ज्ञवालीले बताए।

सिद्धार्थनगर-९ उदयपुरस्थित संगठनको सभाहलमा आयोजना गरिएको कार्यक्रममा बोल्दै प्रमुख कर अधिकृत निरौलाले कोभिड लगायतका कारणले व्यवसायी पीडित भएको आफूहरुलाई महसुस भएको बताए। उनले व्यवसायी र आन्तरिक राजस्व कार्यालयबीच नङ र मासुको सम्बन्ध रहेको बताए । उनले भने, 'सधै सहकार्य, समन्वय र छलफल गर्दै समस्या समाधानका लागि अघि बढ्छौं, मिलेर अगाडि बढौं । ' प्रमुख कर अधिकृत निरौलाले करदाता शिक्षा कार्यक्रम तथा तालिममा व्यवसायीहरु सहभागी हुनुपर्ने बताए । उनले भने, 'साना व्यवसायीले घरमै बसेर कर तिर्न सक्नुहुन्छ, विगत भन्दा कर तिर्न अहिले सजिलो छ। ' उद्योगी व्यवसायीको साथ आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै उद्योग व्यापार संगठन रुपन्देहीका अध्यक्ष अनिल कुमार ज्ञवालीले संगठनले सरकारी कार्यालयसँग सहकार्य गर्दै अगाडि बढेको बताए। उनले कोभिड-१९ का कारण उद्योग व्यवसायमा प्रभाव परेको बताए। उनले भने, 'सोचे जस्तो स्वदेशी बजार फस्टाउन सकेको छैन। ' अध्यक्ष ज्ञवालीले संगठन र आन्तरिक राजस्व कार्यालयबीच सुमधुर सम्बन्ध हुने विश्वास व्यक्त गरे । संगठनका निवर्तमान अध्यक्ष तथा भीम अस्पताल विकास समितिका अध्यक्ष नारायण प्रसाद भण्डारीले केही जानकारीको अभावमा कतिपय व्यवसायीले दुःख पाउनुभएको बताए। उनले भने, 'कर तिर्नुपर्छ, करको दायरामा नआएकालाई करको दायरामा ल्याउनुपर्छ। ''

संगठनका पूर्वअध्यक्ष तथा सल्लाहकार खिम बहादुर खत्रीले सबै व्यवसायीले कर तिरे धेरै राजस्व संकलन हुने बताए । उनले सुरुको अवस्था र अहिलेको अवस्थामा धेरै परिवर्तन भएको बताए।

संगठनका सल्लाहकार दीपक कुंवरले व्यवसायी कर कार्यालयको साथमा रहेको बताए। उनले सीमा पारी दैनिक करौडौंको कारोबार हुने गरेको बताए। सल्लाहकार फैज अहमद खानले बैंक ब्याजदर बढ्दै जाँदा व्यवसायी मारमा परेको गुनासो गरे । उनले सम्पूर्ण व्यवसायीलाई करको दायरामा ल्याउनुपर्ने माग गरे। होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन, रुपन्देहीका निवर्तमान अध्यक्ष गणेश बेल्बासेले करको दर भन्दा दायरालाई फराकिलो बनाउनुपर्नेमा जोड दिए। उनले कोभिड-१९ का कारण पर्यटन व्यवसायी धरासायी भएको बताए।

मदिरा व्यवसायी संघ, सिद्धार्थनगरका अध्यक्ष केशवराज ज्ञवालीले किराना पसलमा समेत मदिरा विक्रीवितरण भइरहेकोले यसतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने बताए। उनले भने, 'घरेलु मदिरा नियन्त्रण गर्नुपर्छ ।' आस्था महिला उद्यमी संघ सिद्धार्थनगरकी अध्यक्ष विन्दु न्यौपानेले खुल्ला सीमा भएकाले नाकामा कडाइ गर्नुपर्ने माग गरिन्।

उद्योग व्यापार संगठन रुपन्देहीका कार्यसमिति सदस्य सन्तोष शुक्लाले धान-चामल निर्यातमा भारत सरकारले लगाएको २० प्रतिशत निर्यात शुल्कले स्वदेशी उद्योगी व्यवसायीसँगै आम उपभोक्ता मारमा पर्ने बताए । किराना व्यवसायी झबिन्द्र बेल्बासेले कर तिर्न सहज वातावरण बनाउनुपर्ने बताए । उनले कर तिर्न प्रोत्साहन गर्नका निम्ति वडावडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए।

उद्योग व्यापार संगठन रुपन्देहीका उद्योग उपाध्यक्ष रामचन्द्र रेग्मीको स्वागत, कोषाध्यक्ष राममिलन यादवको धन्यवाद ज्ञापन तथा महासचिव सचिन रोक्काको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# प्रस्तावित लुम्बिनी उद्योग वाणिज्य संघको तदर्थ समिति गठन




**गौतमबुद्ध सन्देश**
भैरहवा, २ असोज।

लुम्बिनी उद्योग वाणिज्य संघ लुम्बिनी, नेपालको तदर्थ समिति गठन गरिएको छ। शुक्रबार लुम्बिनी क्षेत्रका उद्योगी व्यवसायीको लुम्बिनीमा सम्पन्न भेलाले पवन कुमार जयसवालको अध्यक्षतामा प्रस्तावित लुम्बिनी उद्योग वाणिज्य संघको तदर्थ समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा विश्व राज पौडेल, अबु शामा, महासचिवमा विष्णु बहादुर बस्नेत, सचिवमा धिरेन्द्र चौधरी, कोषाध्यक्षमा विनोद प्रधान र सह-कोषाध्यक्षमा अहमद हुसेन रहेका छन्।

त्यस्तै सदस्यहरुमा राजेश कोहार, बबीन बरई, दिलिप कु बनिया, हरिशचन्द्र बरई, पिन्टु लाल बनिया, रामचल लोध, सुब्बा प्रसाद यादव र ईशरावती देवी मल्लाह रहेका छन्।

त्यसै गरी समितिको वरिष्ठ सल्लाहकारमा अब्दुल मोबिन, शंकर प्रसाद मल्लाह, सल्लाहकारमा शत्रुधन तिवारी र प्रविन शाक्य रहेका छन्।

लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दीन मुसलमानको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। आगामी दिनमा लुम्बिनी उद्योग वाणिज्य संघ दर्ता गरी उद्योगी व्यवसायी तथा लुम्बिनी क्षेत्रको विकासका लागि संस्था अगाडि बढ्ने तदर्थ समितिका अध्यक्ष पवन कुमार जयसवालले बताए।

## कृष्णनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मिति:२०७९/०५/३१

### बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सुचना

यस कृष्णनगर नगरपालिकाको आठौं नगर सभा आ.व.२०७९/०८० मा स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट मिति २०७९/०४/२५ मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा प्रकाशित महेन्द्र मा.वि.मा अधुरो भवन निर्माण तथा राष्ट्रिय आधारभुत हृदयानगरमा अधुरो भवन निर्माण सम्बन्धि सुचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभुत रुपमा प्रभावग्राही भएको ले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएकोछ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | KNM/NCB/BLD-.01/079/80 | Prem Nirmaan Sewa Maharajganj Municipality-08, Kapilvastu phone:9817459276 | ४३,३६,६६०/५४ | |

रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

## राहदानी हराएको सूचना

जिल्ला अर्घाखाँची भूकिस्थान नगरपालिका वडा नं. २ (साविक ढाकावाङ्ग गाउँ विकास समिति वडा नं. ७) निवासी विष्णु प्रसाद भुसालको छोरा वर्ष ३२को म नारायण प्रसाद भुसालको मिति २०७९ भाद्र २५ गते ढाकावाङ्गवाट सन्धिखर्क आउने तपसिलका उल्लेखित विवरण भएको मेरो राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालग वा तल उल्लेखत सम्पर्क नम्वरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**नाम** : नारायण प्रसाद भुसाल
**राहदानी नं.**: ०९०६३३६९
**सम्कर्प नं.** : ९७४९७६४०३२

प्रो. सुदीश महासेठ
मो.नं. : ९८५७०२४७२४
'पारिवारिक वातावरणमा शुद्ध शाकाहारी खाना तथा नास्ता'
माखनभोग स्वीट्स
एण्ड बेकरी उद्योग
Pure Ghee Products
नारायणपथ-७, भैरहवा, नेपाल
फोन नं. ०७१-५७०५८८
रामग्राम-३, सुनवल रोड
विद्युत अफिसको छेउमा, परासी ।
फोन नं. : ०७८-५२०९०९, ९८०१३६३०९३
हामीकहाँ शुद्ध शाकाहारी केक, पेस्टिज, खाना, नास्ताका साथै पिजा, बर्गर, पावभाजीको राम्रो व्यवस्था छ ।




गौतमबुद्ध मिडिया प्रा.लि. द्वारा प्रकाशित गौतमबुद्ध सन्देश दैनिकका लागि अध्यक्ष : खिम बहादुर खत्री, कार्यालय प्रमुख/ प्रबन्ध सम्पादक : बिष्णु प्रसाद भट्टराई, सम्पादक : कुलमणि ज्ञवाली, सह-सम्पादक : रबिन्द्र प्रताप गुप्ता
प्रधान कार्यालय : सि.न.पा.-७ भैरहवा, रूपन्देही, फोन नं.:०७१-५७४३३०, Email: gbsnews7@gmailcom (समाचार), gbsadd2018@gmailcom(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल